**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE:26.07.2024**

***Kargil Vijay Diwas***

सारा देशमा आज पच्चीसौं कारगील विजय दिवस मनाइयो। यसै दिन भारतका धेरैजना वीर सपूतहरूले आफ्नो जीवन बलिदान दिएका थिए। 26 जुलाई उन्नाइस सय निनानब्बे सालमा भारतले पाकिस्तानका सैनिकहरूलाई हराएर कारगील युध्द जितेदेखि यस दिनलाई कारगील विजय दिवसको रूपमा मनाइन्छ। यो दिन यस युध्दमा प्राणको आहुती दिने वीर भारतीय सैनिकहरूको समरण गर्नका लागि समर्पित छ। चौरासी दिनसम्म चलेको यस युध्दमा भारतीय सेनाका पाँच सय सत्ताइस जवानहरू शहीद भए र लगभग चौध सय सैनिक घाइते भएका थिए। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज द्रासमा कारगील विजय दिवसको पच्चीसौं वर्षगाँठको अवसरमा यस युध्दका नायकहरूप्रति श्रध्दाञ्जली अर्पण गर्नुभयो। उहाँले भन्नुभयो कारगील विजय दिवसले देशका लागि दिइएको बलिदान अमर छ भन्ने कुरो दर्शाउँछ।

***Governor & CM Message***

यसैवीच राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले भन्नुभएको छ कारगील विजय दिवस हाम्रो देशका वीर सपूतहरूको पराक्रम तथा शौर्यको प्रतीक हो। उहाँले मातृभूमिको रक्षाका आफ्नो सर्वत्र सुम्पिने सबै वीर सैनिकहरूप्रति श्रध्दासुमन अर्पण गर्नुभएको छ। मुख्यमन्त्रीय श्री प्रेमसिंह तामाङले भन्नुभएको छ कारगील विजय हाम्रा सशस्त्र बलको समर्पण र अथक साहसको प्रमाण हो। उहाँले हाम्रा साहसी सैनिकहरूले सिकाएका एकता र एकवध्दताको भावना कायम राख्ने प्रतिज्ञा गरेर सुदृढ, सुरक्षित र समृध्द भारतका निम्ति कार्य गरिरहनुपर्ने आवश्यकतामाथि जोड़ दिनुभएको छ।

***Lok Sbha MP***

लोकसभा सदस्य डा. इन्द्रहाङ सुब्बाले आज नयां दिल्लीमा केन्द्रीय शिक्षा मन्त्री श्री धमेन्द्र प्रधान र केन्द्रीय शिक्षा राज्य मन्त्री डा. सुकान्त मजुमदारसित भेट गर्नुभयो। मन्त्रीहरूसँगको भिन्दा भिन्दै बैठकमा श्री सुब्बाले केन्द्रीय माध्यमिक शिक्षा बार्ड सि.बि.एस.ई मा राई, गुरूङ, शेर्पा र तामाङ भाषाहरूलाई सम्वध्द गराउन उहांहरूवाट व्यक्तिगत हस्तक्षेपको आग्रह गर्नुभयो। सूत्र गत वर्ष सि,बि,एस,ई अन्तर्गत पञ्जीकृत राज्यका सरकारी पाठशालाहरूले माध्यमिक स्तरसम्म पढ़ाउनका लागि यी भाषाहरूलाई मान्यता दिन आवेदन गरेका थिए तर कम्ती नामङ्कनको आधारमा यसलाई अस्वीकार गरिएको थियो। डा. सुब्बाले विशेष गरी सिक्किम जस्तो सानो राज्यका लागि नामाङ्कन र अन्य विषयहरू सम्वन्धमा वर्तमानका मान्दण्डहरूमा छूट दिन विचार गर्ने निवेदन गर्नुभएको छ।

***Meeting Independence day***

आउँदो महीना पन्ध्र तारीक पालन गरिने स्वतन्त्रता दिवस समारोहलाई लिएर तयारी बैठक जिल्ला प्रशासनिक केन्द्र मंगनमा आज बस्यो। यसको अध्यक्षता गर्दै जिल्लाधीश श्री अनन्त जैनले सबै विभागहरूलाई आफ्नो भूमिका र जिम्मेवारी वहन गरी तालमेल राखेर काम गर्नु भन्नुभएको छ। बैठकमा आगामी तीन अगस्तमा नशामुक्त भारत अभियान अन्तर्गत समाज कल्याण विभागसित मिलेर आयोजन गरिने पाँच किलोमिटरको दौड़वारे पनि चर्चा गरियो। यो दौड़ मंगन नगर परिषदवाट विहान लगभग सात बजी शुरू गरिनेछ। यसमा अन्डर 15 वर्ग अन्तर्गत विद्यार्थीहरूको पनि सहभागिता रहनेछ।

***Independence Day Meeting, Geyzing***

अर्कातिर गेजिङ बर्मेक निर्वाचन क्षेत्र स्तरीय स्वतन्त्रका दिवस समारोह सम्वन्धमा आज लेक्शेपमा बसेको समन्वय बैठकको अध्यक्षता गर्दै क्षेत्र विधायक श्री लोकनाथ शर्माले शिक्षा विभागको अधिसूचनालाई ध्यानमा राखेर यो दिवस पालन गरिने जानकारी दिनुभयो। बैठकमा समारोह आयोजन समिति र उपसमिति गठन गरिएको छ।

***FLFS***

सिक्किम पूर्व विधायक परिसंघले आज आफ्नो बाइसौं स्थापना दिवस गान्तोकको गोलिटार फम्बोङ ल्हो  वन्यजन्तु अभयारण्यमा विरूवारोपण गरेर मनायो। यस अवसरमा कृषि मन्त्री श्री पूरण गुरूङ मुख्य अतिथि र विधायक श्री थिन्ले छिरिङ भुटिया विशिस्ट अतिथि हुनुहुन्थ्यो। मेरो रूख मेरो सन्तति र एक पेड़ माँ को नाम विषय अनुरूप विरूवारोपण कार्य गरिएको हो। पूर्व विधायक परिसंघले आफ्ना जिल्ला सदस्यहरूसित मिलेर अनि व्यक्तिगत क्षमतामा पनि विरूवारोपण गर्ने भएको छ। आफ्नो वक्तव्यमा परिसंघका अध्यक्ष श्री.डी.बी ठटालले संगठनलाई सहयोग र निरन्तर मार्गदर्शनका लागि मुख्यमन्त्री श्री प्रेमसिंह तामाङप्रति कृतज्ञता प्रकट गर्नुभयो।

***Paris Olympic***

पेरिस ओलिम्पिक 2024 आजदेखि शुरू हुनेछ। ओलिम्पिक खेलहरूको उद्घाटन समारोहको आयोजना पेरिसमा सीन नदीको किनारमा भारतीय समय अनुसार राती एघार बजीदेखि हुनेछ । मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले यसमा प्रतिस्पर्धा गर्ने सबै भारतीय एथलिटहरूलाई शुभकामना दिनुभएको छ। आफ्नो सन्देशमा उहाँले भन्नुभएको छ सिक्किमका धुनर्धर पदमत्री तथा अर्जुन पुरस्कार विजेता तरूणदीप राईले धनुकाँड़ खेलमा देशको प्रतिनिधित्व गर्नु हामी सबैका लागि गर्वको विषय हो। मुख्यमन्त्रीले सबै खेलाजडीहरू आ आफ्नो प्रयासमा सफल रहेर भावी पिडीलाई प्रेरित गर्नेछन् आशा व्यक्त गर्नुभएको छ।

***PMBJK***

केन्द्र सरकारले एकतीस मार्च दुई हजार सत्ताइस सालसम्म सारा देशमा पच्चीस हजार प्रधानमन्त्री भारतीय जन औषधि केन्द्र खोल्ने लक्ष्य राखेको छ । केन्द्रीय रसायन उर्वरक राज्य मन्त्री अनुप्रिया पटेलले आज लोकसभामा एउटा लिखित उत्तरमा भन्नुभयो गत जून महीनासम्म देशभरि प्राथमिक कृषि ऋण समितिहरूमा पाँच सय सैंतालिस प्रधानमन्त्री भारतीय जन औषधि केन्द्र खोलिएका छन्। सुश्री पटेलले भन्नुभयो प्रधानमन्त्री भारतीय जन औषधि परियोजना अन्तर्गत दुई हजार सैतालिस औषधिहरू अनि  तीन हजार सर्जिकल र चिकित्सा उपभोग्य सामग्रीहरूलाई सुलभतासँग उपलब्ध गराउने प्रयास गरिँदैछ।